# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, कात्तिक ११ गते २०५४ साल (संख्या २८

## भाग ४

### श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको सूचना १

श्री ५ को सरकारले मिति २०५४।५।५ को निर्णयानुसार निर्वाचन आयोगका सचिव श्री हिरण्यलाल रेग्मीलाई निर्माण तथा यातायात मन्त्रालयको सचिव पदमा सरुवा गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले मिति २०५४।५।२९ को निर्णयानुसार जनसंख्या तथा वातावरण मन्त्रालयका सचिव डा. रवीन्द्रकुमार शाक्यलाई प्रशासन सुधार अनुगमन समितिको सचिव पदमा सरुवा गरेको छ ।

### सूचना ३

श्री ५ को सरकारको मिति २०५४।५।२९ को निर्णयानुसार निर्माण तथा यातायात मन्त्रालयका सचिव श्री जोतबहादुर कार्कीको विशिष्ट श्रेणीको पदाधिकार उहाँ मन्त्रिपरिषद् सचिवालयमा हाजिर गराइनु भएको मिति २०५४।५।५ देखि सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

अर्थ मन्त्रालयका सचिव श्री रामविनोद भट्टराई हङकङमा हुने विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको वार्षिक बैठकमा भाग लिन माननीय अर्थमन्त्रीको नेतृत्वमा त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क)ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका का.मु. विशेष सचिव श्री शम्भुप्रसाद खनाललाई मिति २०५४।६।१ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ५

कृषि मन्त्रालयका सचिव श्री सूर्यनाथ उपाध्याय भारतको मसुरीमा आयोजना हुने सार्क कन्सल्टेन्शन अन् को-अपरेटिभ पोलिसी विषयमा हुने सार्क राष्ट्रहरूको सचिव-स्तरीय सम्मेलनमा भाग लिन त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष सचिव श्री मुक्तिनारायण श्रेष्ठलाई मिति २०५४।६।१२ देखि कायम मुकायम मुकरर गरेको छ।

## सूचना ६

युवा, खेलकूद तथा संस्कृति मन्त्रालयका का.मु. सचिव श्री वरूणप्रसाद श्रेष्ठ संग्रहालयहरूको अध्ययन अवलोकन भ्रमणको लागि अष्ट्रियातर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष सचिव श्री श्रीकृष्ण गौतमलाई मिति २०५४।६।५ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
शम्भुशरणप्रसाद कायस्थ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४०